# आकाशवाणी समाचार- नेपाली

मितिः ०६ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. जर्मन चान्सलर फ्रेडरिक मेर्जले प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा १२ र १३ जनवरीमा भारतको भ्रमण गर्नुहुनेछ।

२. केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले आज नयाँ दिल्लीको विज्ञान भवनमा "पोषण सुरक्षा र कुपोषण उन्मूलनमा कर्पोरेट सामाजिक उत्तरदायित्वको भूमिका" शीर्षकमा सीएसआर सम्मेलनको उद्घाटन गर्नु हुनेछ।

३. केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा उत्कृष्टता केन्द्रहरूद्वारा विकसित ४१ साहित्यिक कृतिहरू कन्नड, तेलुगु, मलयालम र ओडिया भाषाहरूमा विमोचन गर्नु हुनेछ।

४. भेनेजुएलाकी उप राष्ट्रपति डेल्सी रोड्रिगेजले कार्यवाहक राष्ट्रपतिको रूपमा शपथ ग्रहण गर्नु भएको छ।

५. भारतकी पीभी सिन्धुले आज क्वालालम्पुरमा हुने मलेसिया ओपन २०२६ ब्याडमिन्टन प्रतियोगितामा खेल्नेछिन्।

**जर्मन चान्सलरको भ्रमण**

जर्मन चान्सलर फ्रेडरिक मेर्जले प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा जनवरी १२ र १३ जनवरीमा भारतको भ्रमण गर्नुहुनेछ। यो उहाँको भारतको पहिलो आधिकारिक भ्रमण हुनेछ। विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यस भ्रमणको क्रममा उहाँ अहमदाबाद र बेंगलुरुको भ्रमण गर्नु हुनेछ।

प्रधानमन्त्री श्री मोदीले १२ जनवरीमा अहमदाबादमा चान्सलर मेर्जलाई स्वागत गर्नुहुनेछ। दुई नेताहरूले गत वर्ष २५ वर्ष पूरा गरेको भारत-जर्मनी रणनीतिक साझेदारीका विभिन्न पक्षहरूमा प्रगतिको समीक्षा गर्नु हुनेछ। थप छलफलहरू व्यापार र लगानी, प्रविधि, शिक्षा, सीप विकास, रक्षा र सुरक्षा, विज्ञान, नवप्रवर्तन र अनुसन्धान, हरित र दिगो विकास, दुवै देशको मानिसहरुमाझ आपसी  सम्बन्ध जस्ता प्रमुख क्षेत्रहरूमा सहयोगलाई अगाडि बढाउनमा पनि केन्द्रित हुनेछन्।

प्रधानमन्त्री श्री मोदी र चान्सलर मेर्जले व्यापार र उद्योगका प्रमुखहरूसँग पनि अन्तरक्रिया गर्नु हुनेछ र क्षेत्रीय तथा विश्वव्यापी महत्त्वका मुद्दाहरूमा विचार आदान प्रदान गर्नु हुनेछ। यो भ्रमणले राजनीतिक स्तरमा नियमित संवादलाई अझ बलियो बनाउनेछ। यसले दुवै देशका जनता र व्यापक विश्वव्यापी समुदायको हितको लागि दूरदर्शी साझेदारी निर्माण गर्ने भारत र जर्मनीको साझा दृष्टिकोणलाई पुन: पुष्टि गर्ने अवसर प्रदान गर्नेछ।

**अमित शाह सीएसआर कॉन्क्लेव**

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले आज नयाँ दिल्लीको विज्ञान भवनमा "पोषण सुरक्षा र कुपोषण उन्मूलनमा कर्पोरेट सामाजिक उत्तरदायित्वको भूमिका" शीर्षकमा सीएसआर सम्मेलनको उद्घाटन गर्नु हुनेछ। यस सम्मेलनको उद्देश्य बाल कुपोषण विरुद्ध लड्न मिलेर काम गर्ने प्रगतिशील र दिगो रणनीतिहरूको बारेमा छलफल गर्नु हो। यो कार्यक्रम नेशनल डेयरी डेवलपमेंट बोर्ड- एनडीडीबीद्वारा आयोजना गरिएको हो। सम्मेलनको क्रममा, श्री शाहले सेल-भिलाई स्टील प्लान्ट, छत्तीसगढको सीएसआर पहल अन्तर्गत उपहार दूध कार्यक्रमको तेस्रो चरणको सुरुवात गर्नु हुनेछ जसले भिलाई स्टील प्लान्टको खानी क्षेत्रहरूमा अवस्थित सरकारी विद्यालयहरूमा अध्ययनरत लगभग ४ हजार बालबालिकालाई फाइदा पुऱ्याउनेछ।

यस कार्यक्रम अन्तर्गत एनडीडीबीले छत्तीसगढ़ दुग्ध महासंघमार्फत भिटामिन ए र डीले समृद्ध दूध आपूर्ति गर्नेछ। यसका साथै, केन्द्रीय सहकारिता मन्त्रीले आईडीबीआईको सीएसआर पहल, शिशु संजीवनी कार्यक्रमको सुरुवात गर्नु हुनेछ। यो कार्यक्रमले महाराष्ट्रको नागपुर जिल्लाको ग्रामीण क्षेत्रका आङ्गनवाडी केन्द्रहरूमा अध्ययनरत लगभग ३ हजार

बालबालिकालाई पोषण प्रदान गर्नेछ। मत्स्यपालन, पशुपालन, दुग्ध तथा पञ्चायती राजका केन्द्रीय मन्त्री राजीव रञ्जन सिंह र महिला तथा बाल विकासका केन्द्रीय मन्त्री अन्नपूर्णा देवी पनि यस अवसरमा उपस्थित रहनु हुनेछ।

**धर्मेन्द्र प्रधान - भाषा कार्यक्रम**

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा उत्कृष्टता केन्द्रहरूद्वारा विकसित ४१ साहित्यिक कृतिहरू कन्नड, तेलुगु, मलयालम र ओडिया भाषाहरूमा विमोचन गर्नु हुनेछ। यी कृतिहरू केन्द्रीय भारतीय भाषा संस्थान अन्तर्गत विकसित गरिएका हुन्। कार्यक्रममा केन्द्रीय शास्त्रीय तमिल संस्थानद्वारा प्रकाशित १३ पुस्तकहरूको विमोचन पनि हुनेछ, यसको साथै तिरुक्कुरलको ४५-एपिसोडको सांकेतिक भाषा व्याख्या श्रृंखला पनि हुनेछ। शिक्षा मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा भनेको छ, यो पहलले शास्त्रीय भाषा अध्ययनलाई सुदृढ पार्ने र भारतको समृद्ध साहित्यिक सम्पदाको संरक्षण गर्ने हाम्रो निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। मन्त्रालयले थपेको छ, यो पहलले समावेशी र नवीन ढाँचाहरूमार्फत समकालीन शिक्षार्थीहरूलाई शास्त्रीय ज्ञानलाई अझ पहुँचयोग्य बनाउनेछ।

**सर्वोच्च न्यायालय-ईपीएफओ**

सर्वोच्च न्यायालयले केन्द्र सरकार र कर्मचारी भविष्य निधि संगठन-ईपीएफओलाई कर्मचारी भविष्य निधि योजना-ईपीएफएस अन्तर्गतको वेतन सीमा परिमार्जन गर्ने सम्बन्धमा चार महिनाभित्र निर्णय गर्न निर्देशन दिएको छ। यो विगत ११ वर्षदेखि अपरिवर्तित छ। न्यायाधीशहरू जे.के. महेश्वरी र अतुल एस. चान्दुरकरको इजलासले एक जनहित याचिका (PIL) को सुनुवाइ गर्दै यी निर्देशनहरू जारी गरेको हो। याचिकामा भनिएको छ कि वेतन सीमामा कुनै परिवर्तन नभएको कारणले गर्दा श्रमिकहरूको ठूलो भाग ईपीएफओको दायराबाट बाहिरिएको छ। ईपीएफएस संगठित क्षेत्रका ईपीएफएसहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले गरिएको सामाजिक कल्याणकारी योजना हो।

संविधानको धारा ३२ अन्तर्गत अधिवक्ता प्रणव सचदेवा र नेहा राठीद्वारा दायर गरिएको याचिकामा तर्क गरिएको छ, प्रति महिना 15 हजार रुपियाँको हालको वेतन सीमा मनमानी र तर्कहीन छ र विज्ञ निकायहरू र संसदीय समितिहरूबाट बारम्बार सिफारिसहरूको बावजुद मुद्रास्फीति, न्यूनतम ज्याला वा प्रतिव्यक्ति आयमा वृद्धिसँग कुनै सम्बन्ध छैन।

**प्रगति - विशेष स्टोरी**

प्रधानमन्त्रीको सक्रिय शासन र योजनाहरूको समयमै कार्यान्वयनको लागि प्रमुख संयन्त्र, प्रगतिले आफ्नो ५० औं बैठकको साथ एक महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। २०१५ मा प्रधानमन्त्रीद्वारा सुरु गरिएको, यस संयन्त्रले प्रधानमन्त्रीद्वारा प्रत्यक्ष समीक्षामार्फत पूर्वाधार परियोजनाहरूको लागि समयमै अनुगमन र समस्याहरूको समाधान गर्न सक्षम बनाएको छ। प्रगतिले केन्द्रीय, राज्य र संघीय मन्त्रालयहरूलाई एकल डिजिटल प्लेटफर्ममा एकसाथ ल्याएर सहकारी संघीयताको बलियो उदाहरण स्थापित गरेको छ। प्रगतिले निर्णय लिने प्रक्रियालाई सुव्यवस्थित गर्न, परियोजना ढिलाइलाई सम्बोधन गर्न र जवाफदेहिता सुनिश्चित गर्न मद्दत गरेको छ। यो अनुगमनको लागि मात्र नभई प्रशासनिक सुधारहरूको लागि पनि एक उपकरण साबित भएको छ।

यस विशेष श्रृंखलामा, आज हामी मिसन अमृत सरोवरलाई हेर्छौं। यसको उद्देश्य देशभरका जलाशयहरू निर्माण र पुनरुत्थान गर्नु हो।

**रोड्रिगेज - कार्यवाहक राष्ट्रपति**

भेनेजुएलाकी उप राष्ट्रपति डेल्सी रोड्रिगेजले कार्यवाहक राष्ट्रपतिको रूपमा शपथ ग्रहण गर्नु भएको छ। उहाँले ट्रम्प प्रशासनसँग काम गर्ने वाचा गर्नु भएको छ। रोड्रिगेजलाई उहाँको भाइ, राष्ट्रिय सभाका नेता जर्ज रोड्रिगेजले शपथ ग्रहण गराउनु भयो। रोड्रिगेज २०१८ देखि भेनेजुएलाको उप राष्ट्रपति हुनुहुन्छ र देशको तेलमा निर्भर अर्थतन्त्र र यसको गुप्तचर विभागको निरीक्षण गर्नुहुन्छ। उहाँले २०१४ देखि २०१७ सम्म देशको विदेशमन्त्रीको रूपमा पनि काम गर्नु भएको थियो।

**इरान विरोध प्रदर्शन**

इरानले विगत तीन वर्षमा सर्वाधिक विद्रोह देखिरहेको छ। राष्ट्रव्यापी विरोध प्रदर्शन सुरु भएको दश दिन बितिसक्यो। प्रमुख शहरहरूमा सुरक्षा बल तैनाथ गरिएको छ, जबकि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हिंसा बढेमा प्रदर्शनकारीहरूलाई समर्थन गर्न सक्ने चेतावनी दिनु भएको छ।

इरानको मुद्रा, रियालको तीव्र गिरावट र बढ्दो मुद्रास्फीतिबाट सुरु भएको विरोध प्रदर्शन अब तेहरानको ग्रान्ड बजारबाट कम्तिमा ७८ शहर र ३१ प्रान्तका २२० भन्दा बढी स्थानहरूमा फैलिएको छ। मानव अधिकार समूहहरूले कम्तिमा १६ देखि २० जनाको मृत्यु भएको र सयौंलाई हिरासतमा राखिएको बताएका छन्। प्रदर्शनकारीहरूले सरकार विरोधी नारा लगाइरहेका छन् र सरकारी प्रतीकहरूलाई लक्षित गरिरहेका छन्। महसा अमिनीको मृत्युपछि २०२२-२३ को विरोध प्रदर्शनपछि देशले व्यापक अशान्ति अनुभव गरिरहेको छ।

**बाइट**

**मादुरो-न्यूयोर्क अदालत**

भेनेजुएलाका नेता निकोलस मादुरोले न्यूयोर्क शहरको संघीय अदालतमा उपस्थित हुँदा धेरै संघीय आरोपहरूमा आफुलाई को निर्दोष भएको बताएका छन् । न्यूयोर्कको अमेरिकी संघीय अदालतमा आफ्नो पहिलो उपस्थितिको क्रममा, मादुरोले आफ्नो गिरफ्तारीको वैधतामाथि प्रश्न उठाए र दाबी गरे कि उनलाई भेनेजुएलाको काराकासस्थित उनको निवासमा हिरासतमा राखिएको थियो। यो भनाइले संकेत गर्छ कि उनको कानुनी प्रतिरक्षा रणनीतिको एक प्रमुख आधार भनेको विदेशी भूमिमा अमेरिकी कानून प्रवर्तन एजेन्सीहरूद्वारा उनको गिरफ्तारी गैरकानूनी कार्य थियो।

**मलेसिया ओपन २०२६**

ब्याडमिन्टनमा दुई पटक ओलम्पिक पदक विजेता पीभी सिन्धुले आज क्वालालम्पुरको स्टेडियम आजियाटा एरिनामा आयोजना हुने मलेसिया ओपन २०२६ ब्याडमिन्टन प्रतियोगितामा खेल्नेछिन्। सिजनको यो पहिलो प्रतियोगिताले २०२५ को चोटबाट पीडित सिन्धुको लागि नयाँ सुरुवात हुनेछ। महिला एकलमा मालविका बनसोड र उन्नती हुड्डा पनि देखिनेछन्। लक्ष्य सेन र आयुष शेट्टीले पुरुष एकलमा भाग लिनेछन् ।